नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
वैशाख/जेष्ठ २०७४ (May 2017) वर्ष २१/अङ्क २४२

## मण्डलीमा मिलापको भूमिका

- पाष्टर राजेन्द्र रोंगोंग

इसाई मण्डली मानिसहरूले आपसी सरसल्लाहद्वारा स्थापना गरेका होइनन्। प्रभु येशू ख्रीष्टको मृत्यु, पुनरुत्थान र पेन्तिकोसको दिन उहाँले प्रतिज्ञा गर्नुभएको पवित्र आत्माका साक्षातरुपमा उहाँका चेलाहरूमाथि आउनुभएपछि इसाई मण्डलीको स्थापना भयो । येशूले आफ्नो परिचयसम्बन्धी अन्य मानिसहरू र चेलाहरूलाई सोध्नुभएको उत्तरमा पत्रुसले यसरी जवाफ दिएका थिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरका पुत्र ।"

त्यसबेला येशूले पत्रुसलाई भन्नुभयो, "म तिमीलाई भन्दछु, तिमी पत्रुस हौ। म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु र नरकका ढोकाहरू त्यसमाथि विजयी हुने छैनन् (मत्ती १६:१५-१८) ।" येशूको भनाइमा पत्रुसको अर्थ चट्टान भएकोले त्यसैमाथि म मेरो मण्डली स्थापना गर्छु भन्ने बुझिन्छ । वास्तवमा येशूले यस चट्टानमाथि भन्नुहुँदा ठूलो चट्टानको जग (मत्ती ७:२४-२५) लाई संकेत गर्नुभएको थियो जब कि "पत्रुस वा पेत्रा" को अर्थ सानो ढुङ्गा मात्र हो । पत्रुस स्वयंले पनि आफ्नो पत्रमा येशूलाई "कुने ढुङ्गो (Foundation Stone)" भनेका छन् । तर यो सही हो कि मण्डलीको स्थापनामा पत्रुसले दह्रो भूमिका खेलेका छन् (एफिसी २:२०) ।

पत्रुसले परमेश्वरको घर वा मण्डलीको सम्बन्धमा यसरी भन्छन्, "तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं आत्मिक घर बन्दै जाओ (१ पत्रुस २:५) ।" परमेश्वरले आफ्ना एक मात्र प्रिय पुत्रलाई क्रूसमा बलिदान चढाउनुभयो यसको एउटै कारण थियो मानिसहरू परिवर्तन होऊन् र परिवर्तन भएपछि आफ्नै लागि होइन तर परमेश्वरको निम्ति जिऊन् ।

"उहाँ सबैका निम्ति (ख्रीष्ट) मर्नुभयो ताकि बाँच्नेहरू आफ्नै निम्ति होइन तर उहाँको निम्ति बाँचून् जो तिनीहरूका खातिर मर्नुभयो र फेरि जीवित पारी उठाइनुभयो (२ कोरन्थी ५:१५) ।" परमेश्वरको घर वा इसाई मण्डली येशू ख्रीष्टद्वारा परिवर्तन गरिएका मानिसहरूको समूह हो । मण्डली अन्य सामाजिक समूह जस्ता मात्र नभई बाइबलमा व्याख्या गरिएझैं यो एउटा शरीर हो जसको शिर ख्रीष्ट येशू हुनुहुन्छ ।

परमेश्वर पवित्र हुनुहुन्छ र उहाँको घर पनि पवित्र नै हुनुपर्छ, यसैले उहाँले यो कामको निम्ति आफ्ना पुत्र येशू ख्रीष्टलाई बलिदान चढाउनुभयो । यो बलीद्वारा पापी मानिसलाई पवित्र बनाउनुभयो र आफूसंग मिलाउनुभयो अथवा मिलाप गराउनुभयो । यस्तो काम मानिसलाई परमेश्वरसंग मिलाउने काम खालि परमेश्वरले मात्र गर्नसक्नुहुन्छ र उहाँले यो गर्नु पनि भयो । वास्तवमा परमेश्वर संसारलाई (सम्पूर्ण मानिसलाई) नै मिलाप गराउन चाहनुहुन्छ ।

हामी ख्रीष्ट येशूमा विश्वास गर्नेहरू नयाँ सृष्टिहरू हौं र परमेश्वरसंग हाम्रो मिलाप भएको छ । परमेश्वरले हामीलाई आफूसित मिलाप गराउनुको साथै यो मिलापको सेवकाइ हामीलाई सुम्पिनुभएको छ । "यो सब परमेश्वरबाट भएको हो जसले हामीलाई ख्रीष्ट येशूद्वारा आफूसंग मिलापमा ल्याउनुभयो र हामीलाई मिलापको सेवा दिनुभयो (२ कोरन्थी ५:१८) ।"

अब परमेश्वरले हामीलाई मिलापको सेवकाइ दिनुभएको छ अर्थात् यो मिलापको सुसमाचार अरूहरूलाई सुनाउनुपर्छ । यो मिलापको सुसमाचारको महत्व बाहिर संसारको लागि जति महत्वपूर्ण छ उतिकै घरभित्र अर्थात् मण्डलीभित्र पनि छ । मण्डलीमा नै मिलाप छैन भने हामीले बाहिर मिलापको सुसमाचार सत्यतापूर्वक दिन सक्तैनौं । प्रभु येशू ख्रीष्ट संसारमा हुनुहुँदा चेलाहरूलाई आपसी प्रेमबारे धेरै कुरा सिकाउनुभयो । प्रेम नै मिलापको आधार हो । प्रभु येशू ख्रीष्टले आखिरी हप्ता आफ्ना चेलाहरूसंग बिताउनुभयो र प्रेममा रहने कुरामा विशेष् जोड दिनुभयो । उहाँले नयाँ आज्ञाको रूपमा "एक अर्कालाई" प्रेम गर्न आह्वान गर्नुभयो ।

हिजो आज हामी मण्डलीसम्बन्धी धेरै कुरा सुन्छौं तर अफसोस मण्डलीको चर्चामा त्यहाँ रहेको झगडा, गुटबन्दी, बाझाबाझ वा झैलले प्रमुख स्थान लिएको छ । मण्डली प्रभुको सुन्दरता तथा उहाँको प्रेमको साक्षी बन्नुपर्ने तर उल्टो काम पो भइरहेछ । लडाई, झगडाले कसैलाई ठीक र बेठीक देखाउँदैन । मण्डलीमा रहेका यस्ता कुराले संसारलाई मिलाउन चाहनुहुने परमेश्वरको महिमा हुँदैन । हामीले गरेको "मिलापको सुसमाचार" पनि अरूहरूले राम्ररी सुन्न सक्तैनन् । लडाई, झगडाको गोलमालले मिलापको सुसमाचारलाई पछिल्तिर ढकेलिदिन्छ । तर यी सबै भएता पनि हामीलाई सधैं प्रेम गर्नुहुने परमेश्वरका सन्तान भएका हुनाले हाम्रो आशा जीवितै छ । सबै नराम्रा कुरालाई छोडी हामीले गर्नुपर्ने काम अथवा हामीलाई सुम्पिएको मिलापको सेवकाइ गर्न सक्छौं ।

"यसकारण साहससंग अनुग्रहको सिंहासन नजीक जाऔं र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं (हिब्रू ४:१६) ।"

**शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली**

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरुजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **वैशाख ३०**<br>May 13 | पाष्टर<br>सामुएल कार्थक | श्री<br>सरुष मान तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>घन श्याम दाहाल | एल्डर<br>रूबेन श्रेष्ठ | एल्डर<br>नभराज के.सी. | पाष्टर<br>रोल्याण्ड रोंगोंग |
| **जेष्ठ ६**<br>May 20 | पाष्टर<br>अशोक मुखिया | डीकनेस्<br>रश्मिला तामाङ्ग | डीकन<br>बाग मान तामाङ्ग | पाष्टर<br>रोल्याण्ड रोंगोंग | डीकन<br>सिमोन भण्डारी | डीकन<br>बाबुराम के.सी. | पाष्टर<br>दफ्तन सादा |
| **जेष्ठ १३**<br>May 27 | एल्डर<br>अर्जुन ढकाल | एल्डर<br>पूर्ण सुनुवार | एल्डर<br>जेम्स राई | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्री<br>श्रीराम सुर्खेती | एल्डर<br>घन श्याम दाहाल |
| **जेष्ठ २०**<br>June 3 | एल्डर<br>सिमोन पाठक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>बि.बि. खवास | पाष्टर<br>प्रेम श्रेष्ठ | पाष्टर<br>राजेन्द्र रोंगोंग | एल्डर<br>शरण राई |

## विशेष प्रार्थना

१. वैशाख ३१ र जेष्ठ ३१ गते हुन लागेको चुनावको लागि प्रार्थना गरिदिऔं ।

२. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता र मेल मिलाप मागिदिऔं।

३. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

४. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डली र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइमा बोझसाथ लागिपर्न सकून् ।

५. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै ख्रीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

६. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

७. सेवा संगति, प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने विषयहरूमा मण्डलीका विश्वासीहरू कोही पनि सेलाएर नगएका हुन् ।

८. सारा संसारभरि प्रभु येशूको नाउँको खातिर दुःख कष्ट, खेदो निन्दा र सतावट सहिरहनुभएका प्रभुका जनहरूको लागि प्रार्थना गरिदिऔं ।

९. संसारभरिका मण्डली, ख्रीष्टियन संघ संस्था, सेवक/सेविका साथै मिशनेरीहरू सबैको लागि प्रार्थना गरिदिऔं ।

१०. नेइमअन्तर्गतका मण्डलीहरूको निम्ति जग्गा किन्न र मण्डली भवन बनाउनका लागि समयमा नै रूपैया पैसा जुट्न सकून् भनी प्रार्थना गरौं

११. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

१२. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

१३. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

## जानकारी

२०७३ चैत्र ८ गते/मार्च २१ तारिख मंगलबार बिहान ११:०० बजे श्रद्धय पाष्टर रोबर्ट कार्थक गुरुबाको बाहुलीबाट नेइम जहरसिंह पौवा नवनिर्मित मण्डली भवनको समुद्घाटन गर्नुभयो ।

वैशाख २ गते/अप्रिल १५ तारिख शनिबार नेइम गोंगबू मण्डलीमा १ जनाको समर्पण भयो ।



ललितपुर, एकान्तकुना बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती कान्छी क्षेत्री ८० वर्षको उमेरमा वैशाख १८ गते/मे १ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

## मिशन सम्मेलन २०७४

वैशाख १२ गतेदेखि वैशाख १४ गतेसम्म आयोजना भएको मिशन सम्मेलन २०७४ नेइम गोगबूं मण्डलीमा सुसम्पन्न भयो । सदा झैं यसपाली पनि अमेरिकाको इम्मानुएल चर्चका पाष्टर चार्ल्स स्मिथ हुनुहुन्थ्यो । उहाँले यस सम्मेलनमा आत्मिक विकासका विषयहरूमा बोल्नुभएको थियो । जसमा सतावट, प्रेम, अगुवापन आदि विषयहरू समावेश गरिएका थिए। नेइमका शाखा-आबद्ध मण्डलीका अगुवाहरू तथा मिशनेरीहरूका मण्डलीहरूका हालसालैको गतिविधिहरूको जानकारीले गर्दा सहभागीहरूमा बेग्लै जोश र उत्साह ल्याएका थियो । उहाँहरूको सेवकाइ, परिवार, व्यवसायको लागि पनि प्रार्थना गरिएको थियो ।

उक्त सम्मेलनमा नेइमका शाखा-आबद्धबाट १२५ जना पाष्टर तथा अगुवाहरू र ७ जना मिशनेरीहरूको सहभागिता थियो भने उपत्यकाका नेइम मण्डलीबाट १५० जनाको सहभागिता थियो । यस ३ दिनको मिशन सम्मेलनमा सहभागीहरूले आत्मिक क्षेत्रमा विकास गर्ने चुनौति पाएका थिए भने अर्को तर्फ उनीहरू निकै उत्साहित र आशिषित् भएका थिए ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|
| वैशाख ३० May 13 | पाष्टर प्रेम श्रेष्ठ | डीकन लाक्पा लामा | एल्डर गोपी राई | श्री कृष्ण ब. तामाङ्ग | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री डी.बी. राई |
| जेष्ठ ६ May 20 | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर पिटर लिम्बू | एल्डर बेन्जामिन तामाङ्ग |
| जेष्ठ १३ May 27 | एल्डर दानियल सापकोटा | एल्डर सागर थापा | श्री राज गुरूङ्ग | डीकन मोहन श्रेष्ठ | डीकन पेशन राई | एल्डर बी.एन.पण्डित | श्री गोपाल राना मगर | श्री कुमार राई |
| जेष्ठ २० June 3 | श्री राज गुरूङ्ग | श्री लेखनाथ पौडेल | डीकन पासाङ्ग तामाङ्ग | एल्डर गोपी राई | एल्डर दानियल सापकोटा | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर छोदेन कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च |

## विशेष् अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि नै समयमै आउनुहुन अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि सेवा अगाडि नै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ता बीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदी बहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४. दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, सुसमाचार, सहायता, छात्रवृत्ति, प्रतिष्ठान, धापासी कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## मे महिनाको कार्यक्रम

जेष्ठ १ गते/मे १५ तारिख सोमबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नै चर्चमा ।

जेष्ठ ७ गते/मे २१ तारिख आइतबार बिहान १०:०० बजे **नेइम कार्यकारिणीको बैठक** ललितपुर चर्चमा ।

## हार्दिक बधाई



वैशाख ८ गते/अप्रिल २१ तारिख शुक्रबार नेइम गोंगबूँ चर्चकी सदस्य सुश्री **निर्देशना थापा** र ए.एम.आई. चर्च, बालाजुको सदस्य श्री **भूपेन्द्र बिष्ट**को नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **भूपेन्द्र** र **निर्देशना बिष्ट**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

वैशाख १० गते/अप्रिल २३ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **जितेन्द्र श्रेष्ठ** र क्वाइनोनियाँ चर्च, सिन्धुपाल्चोककी सदस्य सुश्री **प्रतिमा श्रेष्ठ**को क्वाइनोनियाँ चर्च, सिन्धुपाल्चोकमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **जितेन्द्र** र **प्रतिमा श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख ११ गते/अप्रिल २४ तारिख सोमबार नेइम गुरुजुधारा चर्चकी सदस्य सुश्री **अनिता अधिकारी** र नव जीवन चर्चको सदस्य श्री **आशिष खाती क्षेत्री**को नव जीवन चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **आशिष** र **अनिता क्षेत्री**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख १७ गते/अप्रिल ३० तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **राज कुमार लिम्बु** र सुश्री **मरिना पञ्च माया गुरूङ्ग**को ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **राज कुमार** र **मरिना पञ्च माया लिम्बु**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २४ 7<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>**एफिसी ४:१७-३२** | ३१ 14<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनको निम्ति पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>**भजनसंग्रह ७८:७१-७२** | ७ 21<br>नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डली तथा संगतिहरूको सेवक/सेविका, मण्डली र सबै आवश्यकताहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ३७:३-७, ११** | १४ 28<br>सबै ख्रीष्टिय संघ संस्थाहरूमा सेवकाई गर्नुहुने सेवक सेविका-हरूको लागि आशिष मागिदिऔं ।<br>**२ तिमोथी ४:५** |
| **सोमबार**<br>**Monday** | २५ 8<br>विश्वासीहरूको जीवनमा प्रार्थनाको साथै पारिवारिक वेदी नसेलाएको होस् ।<br>**रोमी १२:१२, लेवी ६:१२-१३** | १ जेष्ठ 15<br>अधुरा परिवारकाहरूले पनि येशू प्रभुलाई विश्वास गर्न सकून् साथै प्रभुबाट टाढा भएकाहरू पनि सबै प्रभुमा फर्कि आउन सकून् ।<br>**यशैया ५१:१-६,११** | ८ 22<br>परमप्रभु परमेश्वरलाई सधैं आदर, प्रशंसा, प्रेम गर्दै सबै कुराको निम्ति महिमा दिइरहन सकौं ।<br>**भजनसंग्रह ८९:१४-१७** | १५ 29<br>बाल संगतिका सबै शिक्षक शिक्षिकाहरूले बोझ दर्शन लिएर बालबालिकाहरूलाई प्रभुमा डोऱ्याउन सकून् ।<br>**भजन ७८:१-८, २ तिमोथी ३:१४-१५** |
| **मंगलबार**<br>**Tuesday** | २६ 9<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाई, प्रशंसा र सुसमाचार प्रचार गर्ने कुरा कहिले पनि नरोकिएको होस् ।<br>**प्रेरित २:४२-४७** | २ 16<br>मण्डलीमा भइरहेको सबै सेवा संगतिहरूद्वारा हामी दिन प्रतिदिन परिपक्वतातिर बढ्दै जान सकौं ।<br>**२ को. ३:१८, २ तिमोथी ३:१४-१७** | ९ 23<br>विभिन्न देशहरूमा काम, पढाई तथा अन्य कारणले जानु भएका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह १२१:१-८** | १६ 30<br>स्कूल, क्याम्पस, उच्च शिक्षा साथै विभिन्न तालिम लिइराख्नु भएका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ९६:१०-१२, याकूब १:१७** |
| **बुधबार**<br>**Wednesday** | २७ 10<br>प्रत्येक परिवारले आफ्नो परिवारमा प्रभुलाई पाहुना होइन तर प्रभुलाई आदर दिनेहरू हुन सकौं ।<br>**भजन ११८:१५, कलस्सी ३:१६-१७** | ३ 17<br>परिवारका छोराछोरीहरू आफ्ना बाबु-आमालाई आदर र प्रेम गर्ने हुन सकून् ।<br>**हितोपदेश२३:२२-२५, एफिसी६:१** | १० 24<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो सहनपरेका हरूको लागि प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ११८:५-१६** | १७ 31<br>परिवारका आमा बाहरूले आफ्ना छोराछोरीहरूलाई प्रभुको प्रेम र शिक्षामा साथै उदाहरण भएर हुर्काउन सकून् ।<br>**व्यवस्था ६:४-१२, एफिसी ६:४** |
| **बिहीबार**<br>**Thursday** | २८ 11<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>**यशैया २९:१३, यहून्ना ४:२३-२४** | ४ 18<br>वैवाहिक जीवनमा बाँधिनुभएका सबै दम्पत्तिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**मत्ती ५:१६, १९:४-६** | ११ 25<br>निराश-हतास, चिन्ता-फिक्री, अभाव, रोग आदि समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>**भजनसंग्रह ५५:२२,१४७:३** | १८ June 1<br>सबै बालबालिकाहरूको आत्मिक जीवन, पढाई, स्वास्थ्य र सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।<br>**यशैया ६१:८-९** |
| **शुक्रबार**<br>**Friday** | २९ 12<br>वचनको सेवकाइ गर्नुहुने, आराधना अगुवाइ गर्नुहुने साथै वचन सुन्ने सबैको लागि प्रार्थना गरिदिऔं ।<br>**१ कोरि. २:१२-१३, मत्ती ७:२४-२७** | ५ 19<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतामा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>**भजनसंग्रह २६:८, १२२:१-४** | १२ 26<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>**यूहन्ना १४:२१, २३-२४** | १९ 2<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>**यशैया ४५:२०-२३** |
| **शनिबार**<br>**Saturday** | ३० 13<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाई, व्यवसाय तथा खेतीपातीको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइरहन सकौं ।<br>**२ कोरिन्थी ९:६-१३** | ६ 20<br>परमेश्वरले हामीप्रति गर्नुभएका महान् प्रेम, अनुग्रह, दया र कृपाको लागि धन्यवाद प्रशंसा चढाऔं ।<br>**भजनसंग्रह १०५:१-१५** | १३ 27<br>सेवा संगतिको महत्व बुझी आफै पनि साथै अरूलाई पनि सेवा संगतिमा जानको लागि उत्साह दिनेहरू हुन सकौं ।<br>**हिब्रू १०:२४-२५** | २० 3<br>आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून ।<br>**रोमी १२:६-८** |